नगर कार्यपालिकाको बैठक नं.११/२०७९/०८० मिति २०७९।१०।२६ गतेको एजेण्डा तथा निर्णयहरू

१. तराई मधेश समृद्धि कार्यक्रमको योजना छनौट सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं.१ माथि छलफल गरी तपसिल बमोजिमको विद्यालय भवण निर्माण गर्ने योजना तराई मधेश समृद्धि कार्यक्रमसँग माँग गर्ने निर्णय गरियो ।

- चारकोठे
  - ने. रा. मा. वि. मटिअर्वा, कलैया -१०
  - ने. रा. आ. वि. बघबन, कलैया -१४
  - ने. रा. आ. वि. खम्वा, कलैया -१५
  - ने. रा. आ. वि. उत्तर झिटकैया, कलैया -१६
  - ने. रा. मा. वि. सिस्वा महेशपुर, कलैया -२६
  - ने. रा. आ. वि. बिजुलपुर रामपुर, कलैया -२७
- दुईकोठे
  - ने. रा. मा. वि. (मदर्सा), कलैया -६
  - ने.रा.मा.वि.रामपुर खे, कलैया -९
  - ने.रा.आ. वि. मटिअर्वा, कलैया -१०
  - महावीर ने.रा.मा.वि. ब्रह्मपुरी, कलैया -१७
  - ने.रा.आ.वि. श्रीपुर, कलैया -२४
  - ने.रा.आ.वि.बैराठपुर, कलैया -२३
  - ने.रा.आ.वि.छोटकी फुलवरिया, कलैया -१३

२. झुलुङ्गे पुलको लागि स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयसँग योजना माग गर्ने सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको ठाउँमा झोलुङ्गे पुल निर्माण गर्नको लागि योजना माँग गर्ने निर्णय गरियो ।

(क) वडा नं. १४ मा डम्पिङ्ग साइट जोड्ने बाटोमा,

(ख) वडा नं.१५ मा चान महम्मदको खेत देखि टेङ्ग्रहर खोलामा

(ग) वडा नं.१७ को ब्रह्मपुरी र सुराही जोड्ने बाटोमा,

(घ) वडा नं.२२ र वडा नं.२४ जोड्ने राजाको बाँध झोलुङ्गे पुल

(ङ) वडा नं.२३ र प्रसौनी गाउँपालिकाको बेलहियाँ टोल जोड्ने

३. सडक बोर्डसँग थप योजना समावेश गर्ने सम्बन्धमा ।

निर्णयः मिति २०७९/१०/१० गते कार्यपालिका बैठकको १० औ बैठकबाट माँग भएका योजनाहरूमा छुट भएका तपसिल बमोजिमका योजनाहरू समावेश गरी माँग गर्ने निर्णय गरियो ।

- मेन रोडदेखि राम मंदिर हुँदै बाल मन्दिरको बाटोसम्म
- मेन रोडदेखि घरेलु कार्यालय हुँदै वडा नं.४ को ब्रह्मबाबासम्म
- बरगाछी देखि पन्नादेवी क्लबसम्म
- मेन रोडदेखि रामराजा क्याम्पससम्म
- मेन रोडदेखि नेशनल स्कुलसम्म
- राजदेवी मन्दिर देखि उत्तर तर्फ वडा नं.१ को कार्यालय सम्म

४. विद्यालय निर्माण सम्बन्धमा ।

निर्माण: ने.रा.प्रा.वि. पचायनपुर इनरवामा यस उपमहानगरपालिकाबाट टेन्डर आह्वान भई निर्माण कार्य सुरु भई दक्षिण पूर्व उत्तर तर्फ झ्याल राख प्रचलित मापदण्ड अनुसार जग्गा कम भएकोले उपलब्ध जग्गामै निर्माण गर्ने र संधियारको मौखिक सहमतिमा झ्याल खोल्ने निर्णय गरियो ।

५. नयाँ बाटो कित्ताकाट सम्बन्धमा ।

निर्णय: नयाँ बाटो कित्ताकाट गर्दा न्यूनतम १३ फिटको कित्ताकाट गरी मात्र नयाँ बाटोको कित्ताकाट गर्ने निर्णय गरियो ।

६. शिक्षा समितिसँग कार्यपालिका बोर्ड बैठक सम्बन्धमा ।

निर्णय: मिति २०७९ फाल्गुन महिनामा कार्यपालिका बोर्ड र नगर शिक्षा समितिले विगत ६ महिनामा गरेको कामको प्रगति प्रतिवेदन सहितको संयुक्त बैठक गर्ने निर्णय गरियो ।

७. शिक्षा शाखाबाट प्राप्त भएको कार्यविधि सम्बन्धमा ।

निर्णय: तपसिल बमोजिमको कानूनहरू अध्ययन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

(क) कलैया उपमहानगरपालिकामा ट्युशन तथा कोचिङ्ग कक्षा संचालन अनुमति कार्यविधि, २०७९

(ख) शैक्षिक पुरस्कार तथा सम्मान मापदण्ड, २०७८

८. करार सेवामा प्राविधिक कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा सम्बन्धमा ।

निर्णय: प्रस्ताव नं.८ माथि छलफल गर्दा यस पालिकामा दरबन्दी अनुसारको प्राविधिक कर्मचारीको अभाव रहेकोले अर्को व्यवस्था नहुनजेल सम्मको लागि तीन (३) जना सव-इन्जिनियर र एक(१) जना कानून अधिकृत भर्ना गर्ने र आ.व.२०७८/०७९ देखि हालसम्म लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगहरूबाट वैकल्पिक तथा अस्थायी योग्यताक्रममा सिफारिस भएका उम्मेदवारहरू मध्येबाट पहिलो दर्ता हुन आउनेलाई पहिलो प्राथमिकताको आधारमा सोझै करार सेवामा नियुक्ति दिने र यस प्रकार पदपुर्ति हुन नसकेमा माथि उल्लेख गरिए बमोजिम बाहेकको उम्मेदवारहरू बीच यस उपमहानगरपालिकाको करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ अनुसारका प्रक्रिया अनुसार पदपुर्ति गर्ने निर्णय गरियो ।

९. निलम्बन फुकुवा सम्बन्धमा ।

निर्णय: प्रस्ताव नं.९ माथि छलफल गर्दा यस उपमहानगरपालिकाको तत्कालिन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख ना.सु. श्री रामजी मण्डल महतो माथि कुचिकारहरूले लगाएको आर्थिक लेनदेनको उजुरी अनुसार मिति २०७९-१०-१० गतेको कार्यपालिकाको १०/२०७९/०८० औं बैठकले आर्थिक अनियमितता सम्बन्धी छानबिनमा प्रभाव पर्न सक्ने भनेर निजलाई २ महिनाको लागि निलम्बन गरिएकोमा निजामती सेवा ऐन, २०४९ को दफा ५९(क) तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२७(क) बमोजिम निज रामजी मण्डल महतोलाई हाललाई नसिहत दिई निलम्बन फुकुवा गरिदिन वातावरण तथा विपद् व्यवस्थापन समितिले गरेको निर्णय अनुमोदन गरी निलम्बन फुकुवा गर्ने निर्णय गरियो ।

१०. वडा नं.१ को बजार सटर जरिवाना छुट सम्बन्धमा ।

निर्णयः वडा नं.१ को बजार भित्र रहेका कोठा नं.२४ को जरिवाना रु.३५७५।– र कोठा नं.८५ को जरिवाना रु.९७५।– छुट गर्ने मिति २०७९-१०-२४ को निर्णय अनुमोदन गरियो ।

११. वडालाई योजनाको अधिकार प्रत्यायोजन सम्बन्धमा ।

निर्णयः २०७९ फाल्गुन १ गते देखि वडा स्तरीय योजनाहरूको लागत अनुमान स्वीकृत गर्ने, सम्झौता गर्ने, कार्य आदेश दिने, गुणस्तरीय रुपमा कार्य सम्पन्न गरी नापी किताब तयार गर्ने, मूल्यांकन गर्ने, कार्य सम्पन्न प्रतिवेदन तयार पार्ने र भुक्तानी गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१२. वडालाई कार्यक्रम संचालन गर्ने गराउने अधिकार प्रत्यायोजन सम्बन्धमा ।

निर्णयः २०७९ फाल्गुन १ गते देखि वडा स्तरीय वार्षिक स्वीकृत कार्यक्रमहरूको लागत अनुमान स्वीकृत गर्ने, सम्झौता गर्ने, कार्य आदेश दिने, गुणस्तरीय रुपमा कार्य सम्पन्न गरी भुक्तानी गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१३. वडा स्तरीय योजनाको रकमबाट जग्गा खरिद गर्ने सम्बन्धमा ।

निर्णयः कलैया -१९ को ब्रतालु भक्तजनहरूलाई छठ गर्न जग्गाको अभाव रहेकोले वडा स्तरीय योजनाको को रकम रु.३,२५,०००।– ले छठ घाटको लागि जग्गा खरिद गर्न उक्त वडाको वडा अध्यक्ष श्री हरिन्द्र राउत कुर्मिलाई अख्तियारी दिने ।

१४. फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

निर्णयः वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७९-१०-२६ गतेको निर्णयहरू अनुमोदन गर्ने तथा डम्पिङ्ग साइटको डि.पि.आर. तयार गराउने निर्णय गरियो ।

१५. कित्ता काट सम्बन्धमा ।

निर्णयः अंशबण्डाको हकमा अंशियारहरूको माग दाबी अनुसार भागमा पर्ने क्षेत्रफल कित्ता काट गर्नको लागि श्री मालपोत कार्यालय र नापी कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

१६. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको आर्थिक सहयोग दिने निर्णय गरियो ।

(क) नेपाल प्रेस युनियनलाई मधेश प्रदेशको प्रथम अधिवेशन गर्न रु.५०,०००।– (पचास हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

(ख) कलैया-७ का आशिष जैसवाललाई सर्जरी गराउन रु.२५०००।–(पच्चीस हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

(ग) कलैया वडा नं.१७ का कार्यालय सहयोगी निरज पटेललाई आई.सि.यू.मा भर्ना रहेकोले निजलाई रु.२५,०००।–(पच्चीस हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

(घ) कलैया-४ मा बस्ने चान्द महमदको छोरा शेष मुस्ताक महमदको लिङ्ग बिरालोले काटेर लगेको र निजको आर्थिक अवस्था दयनीय रहेको भनी उपचारको लागि वडाको सिफारिस आएकोले रु.१०,०००।– (दश हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

(ङ) कलैया-४ सुन्दर बस्तीमा बस्ने दुखा चौधरीको छोरा रामजी चौधरीको लिभर क्यान्सर भई मुखबाट लगातार रक्तचाप भै रहेकोले निजलाई उपचारार्थ आर्थिक सहयोग गरिदिनु भनी वडा समितिको सिफारिस आएकोले रु.१५०००।–(पन्ध्र हजार)आर्थिक सहयोग दिने निर्णय गरियो ।

(च) नेपाल क्रान्तिकारी किसान संघलाई रु.२५०००।–(पच्चीस हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

(छ) प्रेस चौतारीलाई रु.७०,०००।–(सतरी हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

१७. कलैया-९ को ओडिएफ सम्बन्धमा ।

निर्णयः आ.व.२०७६/०७७ मा वडाको विनियोजित भएको बजेटबाट भएको बजेटबाट ODF को लागि खरिद भएको सामाग्री तथा अन्य खर्चको बिल भरपाई अनुसार भुक्तानी माग आएकोले सोको छानबिन गरी प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।